## बिगत वर्षका विश्व माटो दिवसका नाराहरू

| क.सं. | वर्ष | Theme (नारा) |
|---|---|---|
| First<br>पहिलो | 2014<br>२०७१ | माटो, पारीवारीक खेतप्रणालीको आधार ।<br>Soils, foundation for family farming |
| Second<br>दोस्रो | 2015<br>२०७२ | माटो: जीवनको मूल आधार<br>Soils, a solid ground for life |
| Third<br>तेस्रो | 2016<br>२०७३ | Soils and Pulses: Symbiosis for life<br>माटो र कोशेबाली, मानव जिवन उपयोगी |
| Fourth<br>चौंथो | 2017<br>२०७४ | Caring for the soils starts from the ground<br>पृथ्वीको स्याहार, माटोबाट सुरुवात |
| Fifth<br>चाँचौं | 2018<br>२०७५ | Be the solution to soil pollution<br>माटो प्रदुषणको समाधान बनौ |
| Sixth<br>छैठौं | 2019<br>२०७६ | Stop soil erosion, save our future<br>भू-क्षय रोकौं, भविष्य जोगाऔं । |
| Seventh<br>सातौं | 2020<br>२०७७ | Keep soil alive, protect soil biodiversity<br>सजिव माटो जैविक विविधता संरक्षणको बाटो |
| Eighth<br>आठौं | 2021<br>२०७८ | Halt soil acidification, boost soil productivity<br>माटोको अम्लियकरण रोकौ, उत्पादकत्व बढाऔं |
| Ninth<br>नवौं | 2022<br>२०७९ | Soils: Where food begins<br>स्वस्थ माटोको साथ खाद्य उत्पादनको शुरुवात |
| Tenth<br>दशौं | 2023<br>२०८० | Soil and water: a source of life<br>माटो र पानी, जीवनको थालनी |
| Eleventh<br>एघारौं | 2024<br>२०८१ | Caring for Soils: measure, manage, monitor |

## विश्व माटो दिवस मनाउने सन्दर्भमा विभिन्न तहबाट संचालन गरिने क्रियाकलापहरु

दशौं विश्व माटो दिवस मनाउने सन्दर्भमा मिति २०७९/७/३० गते कृषि विभागमा बसेको बैठकबाट विभिन्न तहमा तपसिल अनुसारको कार्यक्रमहरु संचालन गरि मनाउने निर्णय गरिएको छ ।

| मिति | कार्यक्रमहरु |
|---|---|
| २ डिसेम्बर | टिभी संवाद |
| ३-४ डिसेम्बर | माटो शिबिर संचालन तथा प्रचारप्रसार |
| ५ डिसेम्बर | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, नार्क, खुमलटारमा सेमिनार तथा प्यानल डिस्कसन, र सोयल च्याम्पेन अवार्ड कार्यक्रम संचालन । |

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र
खुमलटार, ललितपुर

NARC
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकाश मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर

CIMMYT
International Maize and Wheat Improvement Center
अन्तराष्ट्रिय मकै तथा गहुँ सुधार केन्द्र,
खुमलटार, ललितपुर

Food and Agriculture Organization of the United Nations
खाद्य तथा कृषि संगठन,
पुल्चोक, ललितपुर

NSSS 1991
नेप्लिज सोसाईटि अफ स्वायल साइन्स
खुमलटार, ललितपुर

GLOBAL SOIL PARTNERSHIP

Food and Agriculture Organization of the United Nations

NARC



# विश्व माटो दिवस
# (World Soil Day)

## संक्षिप्त जानकारी

५ डिसेम्बर, २०२३
(१९ मंसिर, २०८०)

## संक्षिप्त जानकारी

प्रत्येक वर्ष ५ डिसेम्बरलाई माटोको दिगो व्यवस्थापनको पैरवी र माटोको महत्वबारे सचेतना जगाउने उत्सबमय दिन "विश्व माटो दिवस (World Soil Day)" का रुपमा मनाइन्छ। रासायनिक मलको असंतुलित प्रयोग, उपयुक्त सिंचाई प्रबिधिको कमी, किटनासक बिषादीको अनियन्त्रित प्रयोग एवं प्रांङ्गारिक मलको न्युन प्रयोगका कारण खस्किदै गएको माटोको गुणस्तरबारे कृषक तथा आम नागरिकलाई जागरुक बनाउन पनि विश्व माटो दिवसको छुट्टै महत्व छ।

विश्व माटो दिवस मनाउनुको अर्को उदेश्यमा यसरि थप खस्कदै गएको हाम्रो माटोको उब्जाउ क्षमतालाई पुनः सुदृढ बनाउनु पर्छ भन्ने जनचेतना फैलाउनुको साथै माटो दिवसको मूल मर्म भनेको माटोलाई हालको अवस्थामा वा सुदृढ अवस्थामा अर्को पुस्तालाई हस्तान्तरण गर्नु हो।

थाइल्याण्डका स्वर्गीय राजा भूमीबोल अदुल्यादेजले माटो विज्ञान र खाद्य सुरक्षा विषयमा गरेका कार्यहरुको स्मरण र सम्मान गर्दै सन् २००२ मा माटो विज्ञानको अर्न्तराष्ट्रिय संघ (IUSS) ले वहांकै जन्मदिन ५ डिसेम्बर लाई हरेक वर्ष विश्व माटो दिवस मनाउनको लागि सिफारिस गरेको थियो। तद् अनुसार, सन् २०१३ मा खाद्य तथा कृषि संगठन (FAO) को सिफारिसमा संयुक्त राष्ट्र संघको ६८ औं महासभाको निर्णयले ५ डिसेम्बरलाई विश्व माटो दिवस, सन् २०१५ लाई अन्तराष्ट्रिय माटो वर्ष (International year of soils) र सन् २०१५ देखि २०२४ लाई अन्तराष्ट्रिय माटो दशक (International decade of soils) को रुपमा मनाउने प्रस्तावलाई पारित गरेसँगै सन् २०१४ देखि विश्वभर यो दिन विश्व माटो दिवसका रुपमा मनाइन्छ। नेपालमा पनि सन् २०१४ डिसेम्बर ५ मा काभ्रेको पाँचखालमा घुम्ती माटो परिक्षण प्रयोगशालाबाट स्थलगत माटो परिक्षण गरी विश्व माटो दिवस मनाउन शुरु गरिएको हो। हाल सम्म विभिन्न बर्षमा कृषि बिभाग, राष्ट्रिय माटो बिज्ञान अनुसन्धान केन्द्र, नार्क, नेपाल माटो समाज तथा अन्य निकायहरुको सफ्केदारिमा विभिन्न क्रियाकलाप गर्दै विश्व माटो दिवस मनाउदै आइएको छ।

यस बर्ष २०२३ मा माटो र पानी ,जीवनको थालनी (Soil and water: a source of life) भन्ने नारा लिई FAO ले जारि गरेको तपसिल बमोजिमको प्रमुख सन्देशहरुलाई आत्मसाथ गर्दै मनाउन लागिएको छ।

# माटो दिवस २०२३ को प्रमुख सन्देशहरू

**माटो र पानी जीवनको दिगोपनको लागी आवश्यक स्रोत हुन्।**


माटो र पानी पृथ्वीमा जीवनलाई कायम राख्ने सबैभन्दा आधारभूत स्रोतहरु हुन्न। यिनीहरुको महत्व कृषि, जैविक बिबिधता, इकोसिस्टममा मात्र नभै विश्वको समग्र स्वाथ्यसंग पनि जोडिएको छ। माटो र पानी बिरुवाहरु बढ्न र आवश्यक पोषक तत्व प्रदान गर्ने माध्यम हुन। स्वस्थ माटोले पानीको सुद्धिकरण गर्न एवं भण्डारण गर्न मुख्य भूमिका खेल्दछन्।

**माटो र पानी अन्तर सम्बन्धित स्रोतहरु हुन् जसलाई एकीकृत व्यवस्थापन गर्न आवश्यक हुन्छ।**

माटोको स्वास्थ्य, पानीको गुणस्तर र स्रोत एक आपसमा अनोन्याश्रीत सम्बन्ध राख्दछन्। दिगो रुपमा गरिएको माटो व्यवस्थापनले कृषि प्रणालीमा पानीको उपलब्धतालाई बढाऊछ। गुणस्तरीय पानीको प्रयोग, मल र किटनासक बिषादीको उचित उपयोग, उपयुक्त सिंचाई विधिको प्रयोग, जमिनमुनी रहेको पानीको उचीत प्रयोग एवं संरक्षण आदिले बालीको उत्पदकत्व बढाऊनमा प्रमुख भूमिका खेल्दछन्।

**अनुचित माटो र पानीको व्यवस्थापन अभ्यासहरुले भुक्षइकरण, माटोको जैविक बिबिधता, उर्बरता, पानीको गुणस्तर र मात्रा लाई असर गर्दछ।**

अनुचित माटो र पानी व्यवस्थापनले बाताबरण र कृषि उत्पदकत्व मा गहिरो प्रभाव पारेको हुन्छ। बन फडानी, अत्यधिक चरण एवं भुक्षयीकरणले पनि माटोको उर्वराशक्तिमा असर पुऱ्याएको हुन्छ भने सिंचाई र पानीको उचित निकास नहुदाँ माटोको अम्लियापन बढ्न जान्छ। बिषादी र रासायनिक मलको अनियन्त्रित



एबं असन्तुलीत प्रयोगले माटो र पानीको गुणस्तरलाई नकारात्मक असर पुऱ्याउनुको साथै मानव स्वास्थ्य र सम्पूर्ण इकोसिस्टमलाई समेत जोखिम पार्न सक्छ।

**माटो र पानीको यथोचित संरक्षणले जलबायु परिबर्तन न्यूनीकरण र अनुकुलनमा ठूलो योगदान पुऱ्याउछ।**

माटो र पानी व्यवस्थापनले खडेरी, बाढी, धुलो, धुवाँ र आंधी जस्ता जलबायु घटनाबाट जोगिन जमिनको क्षमतामा सुधार गर्छ। एकीकृत माटो र पानी व्यवस्थापनका अभ्यासहरुले पृथ्वीमा रहेका सम्पूर्ण इकोसिस्टमलाई चलायमान बनाउनुको साथै स्वस्थ माटोले कार्बन स्थिरिकरणंमा (carbon sink) मद्धत गर्दछ। फलस्वरुप जलबायु परिबर्तन अनुकुलन र न्यूनीकरणका प्रयासहरुमा ठूलो योगदान पुऱ्याउछ।